# स्थानीय राजपत्र

**पालुङटार नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड ०९) पालुङटार, असोज २० गते, २०८३ साल (संख्या ०७**


पालुङटार नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**भाग २**

## लिगलिग दौड सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना:** लिगलिग दौड नेपालको ऐतिहासिक, साँस्कृतिक, पर्यटन प्रवर्द्धन तथा खेलकुद परम्परासँग जोडिएको महत्वपूर्ण कार्यक्रम हो । विश्व इतिहासमै दौड प्रतियोगितामा प्रथम भए बापत राज्य सञ्चालनको जिम्मेवारी प्रदान गर्ने यो एक ऐतिहासिक कार्यक्रम हो । यो कार्यक्रममा राज्य सञ्चालन प्रक्रियामा समान सहभागी हुन पाउने हक अधिकार सुनिश्चित गरिएको र त्यस प्रक्रियाको परिणामलाई स्वीकार गर्ने एउटा अद्धितीय लोकतान्त्रिक पद्धति समेत रहेको पाइन्छ । यस कार्यक्रमलाई सुरक्षित, व्यवस्थित, पारदर्शी तथा प्रभावकारी रूपमा सञ्चालन गर्नुका साथै स्थानीय साहसिक खेलकुद तथा पर्यटन प्रवर्द्धनलाई संस्थागत गर्न बाञ्छनीय भएकाले नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(फ) र ४(ख) ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले यो कार्यविधि बनएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "लिगलिग दौड सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा:

(क) "आचारसंहिता" भन्नाले प्रतियोगितालाई मर्यादित, अनुशासित, निष्पक्ष तथा व्यवस्थित रुपमा सञ्चालन गर्न दफा १३ मा उल्लेख गरिएको आचरण सम्बन्धी व्यवस्थालाई सम्झनु पर्दछ ।

(ख) "आयोजक" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले पालुङटार नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले लिगलिग दौड सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्झनु पर्दछ ।

(ङ) “धावक” भन्नाले लिगलिग दौड प्रतियोगितामा सहभागी हुने खेलाडीहरुलाई सम्झनु पर्दछ।

(च) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(छ) “नतिजा” भन्नाले खेलाडीले निर्धारित दौड पूरा गरेको आधिकारिक समय तथा प्राप्त स्थानको आधारमा कायम गरिएको प्रतियोगिताको अन्तिम परिणामलाई सम्झनु पर्दछ।

(ज) “बिब नम्बर” भन्नाले प्रतियोगितामा खेलाडीको पहिचान तथा नतिजा अभिलेखिकरणको लागि आयोजकले उपलब्ध गराउने प्रतियोगिता नम्बर सम्झनु पर्दछ ।

(झ) “पुरस्कार” भन्नाले प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गर्ने खेलाडीलाई दफा ११ बमोजिम प्रदान गरिने नगद, मेडल, प्रमाणपत्र वा अन्य सम्मानलाई सम्झनु पर्दछ।

(ञ) “लिगलिग दौड” भन्नाले चेपे नदी र मर्स्याङ्दी नदीको दोभान (चेपेघाट) बाट सुरु भई लिगलिगकोटको मूलकोट सम्म (समुन्द्री सतहबाट १,४३७ उचाई ) सम्म १३.८ किलोमिटर दुरीमा सञ्चालन गरिने दौडलाई सम्झनु पर्दछ।

(ट) “स्वयंसेवक” भन्नाले प्रतियोगिता सञ्चालन, सुरक्षा, मार्ग व्यवस्थापन, खेलाडी सहयोग तथा अन्य व्यवस्थापकिय कार्यमा आयोजकको निर्देशनमा परिचालित व्यक्तिलाई सम्झनु पर्दछ।

**३. उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :

- ऐतिहासिक लिगलिग दौडको मौलिकता, ऐतिहासिकता र परम्परालाई संरक्षण तथा प्रवर्द्धन गर्ने,
- लिगलिगकोटको ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्त्विक महत्वलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने,
- लिगलिग दौडलाई व्यवस्थित, मर्यादित, पारदर्शी, प्रतिस्पर्धात्मक र नियमित खेलकुद प्रतोयोगिताको रुपमा सञ्चालन गर्ने,
- स्थानीय तथा राष्ट्रिय स्तरका धावक तथा खेलाडीहरुको पहिचान, विकास र प्रोत्साहन गर्ने,
- युवा तथा नागरिकमा शारीरिक स्वास्थ्य, अनुशासन, साहस, प्रतिस्पर्धात्मक भावना र खेल सँस्कृतिको विकास गर्ने,
- लिगलिग दौड मार्फत नगरपालिकालाई खेलकुद तथा पर्यटन गन्तव्यका रुपमा विकास गर्ने,
- लिगलिगकोट, ऐतिहासिक गोरखा राज्यको उद्गमस्थल सँग जोडिएको इतिहास तथा स्थानीय मौलिक सँस्कृतिको संरक्षण र प्रचार गर्ने,
- लिगलिग दौडलाई स्थानीय पर्यटन, होटल व्यवसाय, यातायात, होमस्टे,कृषि तथा स्थानीय उत्पादनसँग जोड्दै स्थानीय आर्थिक गतिविधि वृद्धि गर्ने,
- देश तथा विदेशमा रहेका नेपाली धावकहरुलाई समेत आकर्षित गरी लिगलिग दौडलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय पहिचानको प्रतियोगिताका रुपमा विकास गर्ने,

- ➢ दौड प्रतियोगिता महिला, पुरुष तथा विभिन्न उमेर समुहका खेलाडीहरुको सहभागिता सुनिश्चित गर्दै समावेशी खेलकुदको विकास गर्ने,
- ➢ दौडको आयोजना, खेलाडी छनोट, दर्ता, पुरस्कार, सुरक्षा, स्वास्थ्य, निर्णायक तथा व्यवस्थापन सम्बन्धी प्रक्रियालाई स्पष्ट, व्यवस्थित र पारदर्शी बनाउने,
- ➢ लिगलिग दौडको मध्यमबाट नगरपालिका तथा लिगलिग क्षेत्रको ऐतिहासिक पहिचान, गौरव र स्थानीय जनताको अपनत्वलाई थप सुदृढ गर्ने,
- ➢ सरकारी निकाय, खेलकुद संघ संस्था, स्थानीय समुदाय, निजि क्षेत्र तथा अन्य सरोकारवालाबीच समन्वय र सहकार्य कायम गर्ने,
- ➢ लिगलिग दौडलाई दीर्घकालीन रुपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको प्रतिष्ठित दौड प्रतियोगतिका रुपमा स्थापित गर्ने ।

४. **कार्यक्रम सञ्चालन तथा व्यवस्थापन** : (१) लिगलिग दौड नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार प्रत्येक वर्ष तोकिएको मिति, समय र स्थानमा नगरपालिका आयोजक रहने गरी स्थानीय सरोकार राख्ने आधिकारिक संघ/संस्था/गुठी/अभियान/समिति/सामुदायिक संस्थाहरुलाई सह आयोजक बनाई सञ्चालन गर्न सक्नेछ ।

(२) प्रतियोगिता सञ्चालनका लागि आयोजकले आवश्यकतानुसार प्राविधिक, सुरक्षा, स्वास्थ्य, स्वयंसेवक, मार्ग व्यवस्थापन तथा अन्य उपसमिति गठन गरी परिचालन गर्न सक्नेछ ।

(३) प्रतियोगिताको क्रममा खेलाडीले निर्धारित मार्ग, खेल नियम तथा आयोजक र निर्णायकको निर्देशन पालना गर्नु पर्नेछ ।

(४) प्रतियोगिताको नतिजा निर्धारित समय, आधिकारिक टाइमिङ तथा निर्णायकको अभिलेखका आधारमा कायम गरिनेछ ।

(५) प्रतियोगिताका क्रममा आकस्मिक विपद, प्रतिकुल मौसम, सुरक्षा जोखिम वा अन्य असामान्य परिस्थिति उत्पन्न भएमा आयोजकले प्रतियोगिता स्थगित, पुन: सञ्चालन वा रद्द गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा स्थानीय युवा क्लब, महिला समूह लगायत अन्य सरोकारवाला निकायहरुसँग आवश्यक सहकार्य/ समन्वय गर्न सक्नेछ ।

५. **कार्यक्रम सञ्चालन मिति :** लिगलिग दौड कार्यक्रम/ प्रतियोगिता प्रत्येक वर्षको असोज शुक्लपक्ष पञ्चमी तिथीको दिन सञ्चालन गरिनेछ । सो दिन कार्यपालिकाले निर्णय गरी स्थानीय विदा दिन सक्नेछ ।

६. **कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) लिगलिग दौडको कार्यक्रम/प्रतियोगितामा सहभागी हुन इच्छुकहरुलाई आवेदन पेश गर्नका लागि डिजिटल तथा प्रत्यक्ष माध्यमबाट आवेदन पेश गर्न सूचना प्रकाशन गरिनेछ ।

(२) सहभागीले निर्धारित समयभित्र दर्ता गर्नु पर्नेछ ।

(३) उमेर, नागरिकता वा अन्य मापदण्ड आयोजकले तोके बमोजिम लागू हुनेछ ।

(४) दौड निर्धारित रुट तथा नियमअनुसार सञ्चालन हुनेछ।

(५) प्रतियोगितामा निष्पक्ष निर्णयका लागि निर्णायक तथा प्राविधिक टोली खटाइनेछ।

(६) प्रतियोगितामा सहभागी हुने खेलाडीको दर्ता, छनोट, बिब नम्बर, दौड सञ्चालन, समय अभिलेखीकरण, नतिजा प्रकाशन तथा पुरस्कार वितरण सम्बन्धी कार्य कार्यपालिकाले तोके बमोजिम हुनेछ।

७. **उपसमिति सम्बन्धी:** (१) कार्यक्रमलाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्नका लागि कार्यपालिकाले देहाय बमोजिमका उपसमिति गठन गर्न सक्नेछ :

- सहजीकरण तथा समन्वय उपसमिति
- खेलाडी तथा दर्ता व्यवस्थापन उपसमिति
- प्राविधिक तथा निर्णायक उपसमिति
- मार्ग व्यवस्थापन तथा पूर्वाधार उपसमिति
- सुरक्षा तथा ट्राफिक व्यवस्थापन उपसमिति
- स्वास्थ्य तथा आकस्मिक उद्धार उपसमिति
- प्रचार-प्रसार तथा सञ्चार उपसमिति
- आवास, भोजन तथा अतिथि सत्कार उपसमिति
- आर्थिक तथा पुरस्कार वितरण उपसमिति
- मञ्च व्यवस्थापन तथा कार्यक्रम सञ्चालन उपसमिति
- खानेपानी तथा सरसफाइ उपसमिति
- स्वयंसेवक परिचालन उपसमिति
- पर्यटन तथा स्थानीय उत्पादन प्रवर्द्धन उपसमिति
- कार्यालय तथा प्रशासन उपसमिति।

(२) दौडलाई  व्यवस्थित ढंगले सञ्चालन गर्नका लागि माथि उल्लेखित बाहेक अन्य उप समितिहरु आवश्यकता अनुसार नगर कार्यपालिकाकोले निर्णय गरी  गठन तथा परिचालन गर्न सक्नेछ।

८. **सुरक्षा व्यवस्था :** (१) जिल्ला प्रशासन कार्यालय,नेपाली सेना,नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा स्थानीय सुरक्षा निकायसँग समन्वय गरिनेछ।

(२) रुटमा आवश्यक स्वयंसेवक परिचालन गरिनेछ।

(३) आपतकालीन उद्धार तथा प्राथमिक उपचारको व्यवस्था गरिनेछ।

(४) प्रतिकूल मौसम वा अन्य जोखिमको अवस्थामा आयोजकले कार्यक्रम स्थगित वा परिमार्जन गर्न सक्नेछ।

(५) दौड प्रतियोगितामा सहभागी हुने सम्पुर्ण खेलाडीहरुको बिमा गरिनेछ।

९. **स्वास्थ्य व्यवस्था:** (१) एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा प्राथमिक उपचार केन्द्रको व्यवस्था गरिनेछ।

(२) सहभागीको स्वास्थ्य अवस्थाबारे आवश्यक जानकारी लिइनेछ।

(३) आकस्मिक उपचारको व्यवस्था सुनिश्चित गरिनेछ।

(४) प्रतियोगितामा सहभागी धावकहरुको बिमा गरिनेछ।

१०. **आर्थिक व्यवस्था:** (१) कार्यक्रमको आय–व्यय पारदर्शी रूपमा अभिलेख राखिनेछ।

(२) प्रायोजन, सहयोग तथा दाताहरुले प्राप्त सहयोग नगरकार्यपालिकाको नियम अनुसार एकद्वार प्रणालीबाट प्राप्त रकम नियमानुसार खर्च गरिनेछ।

(३) कार्यक्रम सम्पन्न भएपछि आर्थिक प्रतिवेदन सार्वजनिक गरिनेछ।

११. **पुरस्कार:** (१) दौड प्रतियोगीतामा प्रथम, द्वितीय, तृतीय तथा सान्त्वना हुनेलाई पुरस्कार स्वरूप नगद,मेडल, प्रमाणपत्र वा अन्य सम्मान प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कारको रकम कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा ( १) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकतानुसार अन्य विधामा पुरस्कार, सम्मान पत्र, कदर पत्र प्रदान गर्न कुनै बाधा पर्ने छैन।

१२. **श्रीपेच व्यवस्थापन तथा संरक्षण:** (१) लिगलिग दौडको ऐतिहासिक तथा साँस्कृतिक पहिचानका रूपमा प्रयोग गरिने श्रीपेचलाई प्रतियोगिताको महत्वपूर्ण ऐतिहासिक प्रतीक तथा सम्मानका रूपमा संरक्षण गरिनेछ।

(२) श्रीपेचको निर्माण, डिजाइन, स्वरूप, आकार, सामग्री तथा मौलिकतामा अनाधिकृत परिवर्तन गर्न पाइने छैन।

(३) प्रतियोगितामा प्रथम हुने विजेतालाई श्रीपेच प्रतियोगिताको औपचारिक समारोहमा सम्मान स्वरूप पहिराइने व्यवस्था गरिनेछ।

(४) श्रीपेच आयोजकको स्वामित्व तथा संरक्षणमा रहनेछ। प्रतियोगिता सम्पन्न भएपछि विजेताले श्रीपेचलाई तोकिएको समयभित्र आयोजकलाई सुरक्षित रूपमा फिर्ता बुझाउनु पर्नेछ।

(५) श्रीपेच बुझाउने र बुझिलिने कार्यको छुट्टै अभिलेख राखिनेछ।

(६) श्रीपेचको सुरक्षा, संरक्षण तथा व्यवस्थापनका लागि नगरपालिकाले तोके बमोजिम हुनेछ।

(७) श्रीपेच हराएमा, चोरी भएमा, क्षति पुऱ्याएमा वा जानाजानी बिगारेमा सम्बन्धित व्यक्तिबाट प्रचलित कानून तथा आयोजकले निर्धारण गरेको प्रक्रिया बमोजिम क्षतिपूर्ति असुल गर्न सकिनेछ।

(८) श्रीपेचको प्रतिकृति निर्माण गर्नुपरेमा नगरपालिकाको स्वीकृति लिई ऐतिहासिक मौलिकता र स्वरूप कायम हुने गरी निर्माण गर्नु पर्नेछ।

(९) श्रीपेचको डिजाइन, इतिहास, प्रयोग, संरक्षण तथा प्रत्येक वर्षका विजेतासम्बन्धी विवरण नगरपालिकाले व्यवस्थित रूपमा अभिलेखीकरण गर्नेछ।

(१०) श्रीपेचको व्यवस्थापनमा कुनै विवाद उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ।

**१३. आचारसंहिता :** कार्यक्रममा सहभागी प्रतियोगीहरुले देहाय बमोजिमको आचारसंहिताको पूर्ण पालना गर्नु पर्नेछ:

- सहभागीहरुले प्रतियोगिताको समयमा खेल भावना कायम राख्नु पर्नेछ।
- कुनै पनि प्रकारको अनुचित गतिविधि, हिंसा वा निषेधित औषधिको प्रयोग निषेध हुनेछ।
- नियम उल्लङ्घन गर्ने सहभागीलाई आयोजकले अयोग्य घोषणा गर्न सक्नेछ।
- लिगलिग दौडमा सहभागी खेलाडी, आयोजक, निर्णायक, प्राविधिक, स्वयंसेवक, अतिथि तथा दर्शकले प्रतियोगिताको मर्यादा, अनुशासन, निष्पक्षता र प्रतिष्ठा कायम राख्नु पर्नेछ।
- कसैले पनि प्रतियोगिताको निष्पक्षता प्रभावित गर्ने, हिंसा तथा अभद्र व्यवहार गर्ने, जालसाजी गर्ने, निर्धारित मार्ग छाड्ने वा आयोजक/निर्णायकको निर्देशन उल्लङ्घन गर्ने कार्य गर्न पाउने छैन।
- प्रतियोगितामा जात, धर्म, लिङ्ग, भाषा, क्षेत्र, राजनीतिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्न पाइने छैन।
- आचारसंहिता उल्लङ्घन गर्ने व्यक्तिलाई उल्लङ्घनको प्रकृति र गम्भीरताका आधारमा चेतावनी, सहभागिता रद्द, निष्काशन, पुरस्कार रद्द तथा प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गर्न सकिनेछ।
- प्रतियोगिताको गरिमा, लिगलिगको ऐतिहासिक पहिचान तथा पालुङटार नगरपालिकाको प्रतिष्ठा कायम राख्नु सबै सहभागीको कर्तव्य हुनेछ।

**१४. अभिलेखीकरण :** (१) लिगलिग दौडसँग सम्बन्धित प्रतियोगिता सञ्चालन, खेलाडी दर्ता, नतिजा, टाइमिङ, पुरस्कार, आर्थिक कारोबार, सुरक्षा, स्वास्थ्य, प्रचार प्रसार तथा अन्य आवश्यक विवरणको व्यवस्थित अभिलेख राखिनेछ।

(२) प्रतियोगिताका फोटो, भिडियो, प्रेस विज्ञप्ति, समाचार, नतिजा तथा अन्य महत्वपूर्ण सामग्रीलाई डिजिटल तथा भौतिक माध्यमबाट सुरक्षित राखिनेछ।

(३) प्रत्येक संस्करणका विजेता, प्राप्त समय तथा अन्य महत्वपूर्ण उपलब्धिको छुट्टै अभिलेख तयार गरी आगामी प्रतियोगिताका लागि आधार बनाइनेछ।

(४) प्रतियोगिता सम्पन्न भएपछि आयोजक शाखाले कार्यक्रमको उपलब्धि, खर्च, समस्या, सिकाइ तथा आगामी सुधारका सुझावसमेत समेटी प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नेछ।

(५) लिगलिग दौडको ऐतिहासिक निरन्तरता कायम हुने गरी प्रत्येक वर्षको अभिलेखलाई क्रमबद्ध रूपमा सुरक्षित राखिनेछ।

(६) अभिलेखको संरक्षण तथा व्यवस्थापन प्रचलित कानून तथा नगरपालिकाको अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था बमोजिम गरिनेछ।

१५. **उजुरी तथा पुनरावेदन**ः(१) दौड प्रतियोगिताको सिलसिलामा प्रतियोगिताको निष्पक्षता वा निर्णय प्रक्रियामा चित्त नबुझेमा धावकहरुले अन्तिम नतिजा प्रकाशित भएको १ घण्टा भित्रमा आयोजक समक्ष लिखित निवेदन पेस गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम पेस भएको निवेदनको आधारमा आयोजकले आवश्यक छानविन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्राविधिक तथा निर्णायक उपसमितिले गरेको निर्णय नै अन्तिम निर्णय मानिनेछ।

१६. **संशोधन:** यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यकता अनुसार थपघट तथा संशोधन गर्नेछ।

आज्ञाले,<br>
शेर बहादुर बि.सी<br>
प्रमुख प्रशासकीय अधिकृत